# माध्यमिक तह (कक्षा ११ र १२) मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८१

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश
नेपाल

# माध्यमिक तह (कक्षा ११ र १२) मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८१

प्रमाणिकरण मितिः २०८१/०८/२०

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुची ८ को क्रम संख्या ८ लाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को नियम ११ (ज) को खण्ड १६ र नगर शिक्षा ऐन, २०७५ को दफा २७ को बुँदा नं.३ र दफा २८ र जीतपुरसिमरा उपमहानगरपालिकाको नवौं नगरसभाको निर्णय नं.११ ले दिएको अधिकार प्रयोग गरी उपमहानगरपालिकाले माध्यमिक तह (कक्षा ११ र १२) मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८१ जारी गरेको छ ।

## परिच्छेद - एक
## संक्षिप्त नाम र प्रारम्भ

१.१. संक्षिप्त नाम र प्रारम्भ :

क. यस मापदण्डको नाम "माध्यमिक तह (कक्षा ११ र १२) मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृति सम्त्रन्धी मापदण्ड, २०८१" रहेको छ ।

ख. यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

१.२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

ग. "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका लाई सम्झनु पर्दछ ।

घ. "सामुदायिक विद्यालय" भन्नाले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ का साथै जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ अनुसार स्थापना तथा सञ्चालन भएका सामुदायिक विद्यालयहरूलाई सम्झनु पर्दछ ।

ङ. "छात्रवृत्ति" भन्नाले विद्यालयवाट छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुलाई नगरपालिकाले विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई सम्झनु पर्दछ ।

च. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्दछ ।

छ. "महाशाखा प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाको प्रमुख वा सो महाशाखाको कामकाज गर्नका लागि तोकिएको प्रमुख व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - दुई
## छात्रवृतिको उद्देश्य र तह

२.१ छात्रवृतिको उद्देश्यः छात्रवृत्ति वितरणका उद्देश्यहरु निम्नलिखित रहेका छन ।

अ. माध्यमिक तहमा विज्ञान विषय अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको पहुँचमा अभिवृद्धि गरी अध्ययनको लागि आकर्षण गर्नु,

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बारा

राजन पौडेल
नगर प्रमुख

आ. नगरपालिका वाहिर अध्ययन गर्न जाने विद्यार्थी संख्या न्यूनिकरण गर्नु,

इ. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्नु ।

२.२ छात्रवृत्ति प्रदान गरिने तह तथा विषयः

क. जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत सञ्चालन भएका सामुदायिक विद्यालयमा माध्यमिक तह अन्तर्गत कक्षा ११ र १२ विज्ञान विषय अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ।

ख. अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि उपनियम २.२ को (क) बमोजिमको छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयवाट प्राप्त प्रस्तावका आधारमा नियम (३.१) बमोजिम गठित छात्रवृत्ति सिफारिस समितिले सिफारिस गरे बमोजिम विद्यालयलाई नगरपालिकाले छात्रवृत्तिका लागि अनुदान स्वरुप एकमुष्ट रकम निकासा दिन सक्नेछ ।

ग. छात्रवृति उपलव्ध भएको विद्यालयले कक्षा ११ र १२ मा विज्ञान विषय लिई अध्ययन गर्ने विधार्थीहरुलाई निःशुल्क शिक्षा प्रदान गर्नु पर्नेछ ।

घ. नियम २.२ (क) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि आ.व. २०८१/०८२ को हकमा कक्षा ११ मा विज्ञान अध्ययन गर्ने विद्यार्थीलाई मात्र छात्रवृत्ति प्रदान गरिनेछ ।

## परिच्छेद - तीन

## छात्रवृत्ति सिफारिस समितिको गठन,काम,कर्तव्य अधिकार सम्बन्धी व्यवस्था

३.१ छात्रवृत्ति सिफारिस समितिः नगरपालिकाले प्रदान गर्ने सामुदायिक विद्यालयको माध्यमिक तह अन्तर्गत कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नको लागि सिफारिस गर्न निम्न बमोजिमको छात्रवृत्ति सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| अ. शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख | - संयोजक |
| आ. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| इ. कानुन शाखा प्रमुख | - सदस्य |
| ई. योजना शाखा प्रमुख | - सदस्य |
| उ. शिक्षा अधिकृत | - सदस्य सचिव |

३.२ छात्रवृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकारः छात्रवृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. विद्यालयहरुवाट छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीहरुको विवरण र शिक्षण शुल्क सहितको प्रस्ताव माग गर्ने,

ख. प्रस्ताव स्विकृत गर्ने,

ग. छात्रवृत्तिको रकम निकासाका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गर्ने,

घ. विद्यालयले झुटो विवरण वा फर्जि कागजातहरु पेस गरेमा आवश्यक छानविन गरी प्रचलित कानुन बमोजिम कारवाहीका लागि प्रमुख प्रशासकिय अधिकृत समझ सिफारिश गर्ने ।

## परिच्छेद - चार

## शिक्षा, युवा तथा खेलकुद महाशाखा र विद्यालयको भुमिका

४.१ शिक्षा, युवा तथा खेलकुद महाशाखाको भूमिकाः

क. छात्रवृत्ति सिफारिस समितिले विद्यालयहरुवाट प्राप्त भएका सिफारिस प्रस्तावहरुको आवश्यक कार्यवाहिको प्रकृया अगाडि वढाउने ।

ख. यस नगरपालिकावाट प्रदान गरिएको छात्रवृत्तिको रकमको प्रगती प्रतिवेदन विद्यालयवाट माग गर्ने ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा

राजन पौडेल
नगर प्रमुख

ग. विद्यालयले छात्रवृत्ति वितरण गरे नगरेको सम्बन्धमा आवश्यक अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

घ. उपमहानगरपालिकावाट प्राप्त भएको अन्य निर्देशन पालना गर्ने ।

४.२ <u>विद्यालयको भूमिका:</u>

क. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा भर्ना भएका विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरुको विवरण (ईमिस नं. सहित) कार्यालयमा पेश गर्ने,

ख. विज्ञान विषय अध्ययन गर्न छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुलाई लाग्ने वार्षिक शुल्क र विज्ञान विषय अध्यापन गराउने शिक्षक र विज्ञान ल्याव व्यवस्थापनमा लाग्ने लागत अनुमान सहितको प्रस्तावना कार्यालयमा पेश गर्ने,

ग. उपमहानगरपालिकावाट विद्यालयको खातामा निकासा भएको छात्रवृत्तिको रकम प्रचलित कानुन वमोजिम विज्ञान विषय अध्यापन गराउने शिक्षक र विज्ञान ल्याव व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने,

घ. छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई निः शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

ङ. विद्यालयले वितरण गरेको छात्रवृत्ति सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र नगरपालिकामा पेश गर्ने,

च. विद्यालयले खर्च गरेको रकमको खर्च फाँटवारीको वारेमा अभिभावक र विद्यार्थीहरुलाई जानकारी गराई सार्वजनिक गर्ने ।

## परिच्छेद - पाँच

## <u>विविध</u>

५.१ <u>छात्रवृतिको रकम निकासा प्रकृया:</u> सामुदायिक माध्यमिक विद्यालयको कक्षा ११ र १२ मा विज्ञान विषय लिई अध्ययनरत विद्यार्थीका लागि अध्ययन गर्न लाग्ने शुल्क वापतको रकम छात्रवृति सिफारिस समितिले सिफारिस गरे बमोजिम छात्रवृति स्वरुप अनुदानको रुपमा विद्यालयको खातामा एकमुष्ट निकासा गरिनेछ ।

५.२ <u>बाझिएमा अमान्य हुने:</u> यस मापदण्डमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

५.३ <u>वाधा अडचन फुकाउने:</u> यो मापदण्ड कार्यान्वयनमा कुनै वाधा अडचन आएमा फुकाउन नगरपालिकाले आदेश जारी गर्न सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख